# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छत्रगञ्ज, अर्घाखाँची

# छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**छत्रदेव गाउँपालिकाका उपाध्यक्षज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**उपस्थित गाउँ सभा सदस्यज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरू।**

**(क) स्थानीय सरकारको नीति तथा कार्यक्रमः**

१. छत्रदेव गाउँपालिकाको गाउँ सभाको २२ औं अधिवेशनमा उपस्थित सम्पूर्ण जनप्रतिनिधिज्यूहरू लगायत सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकाङ्क्षा पूरा गर्न नेपालको संविधानबमोजिम स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भए पश्चात पाँचौं आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेकोछु। यो अमूल्य अवसर दिनुहुने सम्पूर्ण छत्रदेववासी नागरिकहरूलाई हार्दिक आभार व्यक्त गर्दछु।

३. यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

४. सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माणसहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

**(ख) विद्यमान परिवेशः**

५. विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः इरान-अमेरिका युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ।

६. नेपालले जनसाङ्ख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर बनाएको छ । आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

७. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु रहेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

८. सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**(ग) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्:

क. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
ख. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
ग. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
घ. गाउँपालिका भित्र भौगोलिक तथा साँस्कृतिक विविधता रहनु ।
ङ. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
च. सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजारसम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्:

क. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
ख. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
ग. गुणस्तरीय बीउबिजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।
घ. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
ङ. व्यवसायिक कृषकको सङ्ख्या वृद्धि गर्नु ।
च. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु ।
छ. निर्माण भएको पूर्वाधारको मर्मत सम्भार पद्धतिको विकास गर्नु ।
ज. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

झ. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।

ञ. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।

ट. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

ठ. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

ड. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू:**

क. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू, छत्रदेव गाउँपालिकाको दोस्रो आवधिक योजना अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

ख. सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

ग. गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघ-संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवम् जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवम् स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

घ. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवम् वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवम् उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

ङ. यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण:**

**भौतिक उपलब्धी**

**भौतिक पूर्वाधार विकास:**

**सडक यातायात:**

यस गाउँपालिकामा हालसम्म ३७ कि.मि. पक्कि सडक, ४७२ किमि ग्राभेल/कच्ची सडक रहेको छ। गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा जिल्ला सदरमुकाम सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएको छ।

**सिंचाइ:**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल ५७३ हेक्टरमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ। जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ।

**सामाजिक विकास:**

गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ्ग कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।
विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माण भएका छन्।

**आर्थिक विकास:**

हाल सम्म गाउँपालिकामा १८ वटा तरकारी संकलन केन्द्र सञ्चालनमा रहेका छन। कृषि सहकारी संस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ। गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्धन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ। रोजगारी सृजना गर्न गाउँपालिका मार्फत् विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ। यसबाट आंशिक रोजगारी सृजना भएको छ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन:**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ। गाउँ/नगरपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ।

**सुशासन तथा संस्थागत विकास:**

गाउँपालिकाले ३१ वटा ऐन, ५ वटा नियमावली, ७३ वटा कार्यविधि/मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गर्ने चरणमा रहेको छ। यस गाउँपालिकाले गत आ.व.को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS)मा ६५.४ अङ्क प्राप्त गरेको छ। राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ।

**(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

**गाउँ सभासदस्य ज्यूहरु,**

**अब म आ. व. २०८३/०८४ को विभिन्न विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।**

**आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम:**

**कृषि विकासः**

१. **"अर्गानिक उत्पादन, किसानको सम्मान"** भन्ने मूल नारालाई आत्मसात गर्दै छत्रदेव गाउँपालिकाको कृषि क्षेत्रलाई निर्वाहमुखी खेती प्रणालीबाट व्यावसायिक, प्रतिस्पर्धी, अर्गानिक तथा बजारमुखी कृषि प्रणालीमा रूपान्तरण गरिनेछ । स्थानीय स्रोत, सीप र सम्भावनाको अधिकतम उपयोग गर्दै उच्च मूल्य कृषि, कृषि उद्यमशीलता, मूल्य अभिवृद्धि तथा बजारीकरणमार्फत किसानको आय, रोजगारी र जीवनस्तरमा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ ।

२. स्थानीय स्रोत साधनमा आधारित जैविक तथा प्राङ्गारिक मल उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्दै निजी तथा सामुदायिक स्तरमा प्राङ्गारिक मल उद्योग स्थापना तथा प्रवर्द्धन गरिनेछ । कृषक समूह तथा सहकारी संस्थाहरूको सुदृढीकरण गर्दै कृषक पाठशाला, स्थलगत तालिम तथा आवश्यकता आधारित प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. **"एक बिरुवामा लगानी, समृद्ध छत्रदेवको थालनी"** अभियान अन्तर्गत मेकाडेमिया नट, एभोकाडो, किवी तथा सित्तलचिनी जस्ता उच्च मूल्यका कृषि तथा एग्रोफरेष्ट्री बालीहरूको करिब ३००० वटा विरुवा रोप्न प्रोत्साहत गरी व्यावसायिक विस्तार गरिनेछ । छत्रदेव गाउँपालिकाको हावापानी तथा भू-परिवेश अनुकूल यी बालीहरूको उत्पादन, उत्पादकत्व तथा बजारीकरण प्रवर्द्धन गरी गाउँपालिकालाई उच्च मूल्य कृषि उत्पादनको अग्रणी क्षेत्रका रूपमा विकास गरिनेछ । बिरुवा रोपण तथा संरक्षण गर्ने कृषकहरूलाई प्रोत्साहन उपलब्ध गराइनेछ ।

४. स्थानीय कृषि उत्पादनको ब्राण्डिङ, प्याकेजिङ, प्रशोधन तथा बजार व्यवस्थापनलाई विशेष प्राथमिकता दिइनेछ । कृषि हाटबजार, संकलन केन्द्र तथा बजार पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरी छत्रदेवका उत्पादनलाई राष्ट्रिय तथा अन्तरपालिका बजारसम्म पुऱ्याइनेछ । निजी तथा सार्वजनिक क्षेत्रबीच साझेदारी विकास गर्दै कृषि उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि तथा कृषि उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

५. बाँदर, बँदेल लगायत जङ्गली जनावरबाट कृषि क्षेत्रमा भइरहेको क्षति न्यूनीकरणका लागि उपलब्ध स्रोत, प्रविधि र साझेदारीका सम्भावनाको खोजी गर्दै उपयुक्त व्यवस्थापनका उपाय अवलम्बन गर्न पहल गरिनेछ ।

६. कृषिमा नवप्रवर्तन, प्रविधि हस्तान्तरण तथा ज्ञानमा आधारित सेवा प्रवाहलाई सुदृढ गर्न मथुरा एग्रोफरेष्ट्री बहुप्राविधिक शिक्षालयसँगको सहकार्यमा प्लान्ट क्लिनिक, माटो परीक्षण, रोग तथा कीरा निदान, प्रयोगशाला सेवा तथा आधुनिक कृषि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । कृषि प्रदर्शनी, प्रविधि प्रदर्शनी तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रममार्फत नवीन अभ्यासको प्रवर्द्धन गरिनेछ ।

७. संघीय सरकारको किसान सूचीकरण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी किसान परिचयपत्र वितरण गरिनेछ । स्थानीय बेरोजगार युवा, कृषि प्राविधिक तथा स्वयंसेवक परिचालन गरी उत्पादनमूलक कृषि कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट कृषि उत्पादन वृद्धि र रोजगारी सिर्जना दुवैलाई टेवा पुग्नेछ ।

८. कृषकको लगानी सुरक्षा तथा जोखिम न्यूनीकरणका लागि कृषि बाली तथा कृषि व्यवसाय बीमामा पहुँच विस्तार गरिनेछ । बालीमा आकस्मिक रूपमा देखापर्ने रोग, कीरा तथा प्राकृतिक विपद्का कारण हुने क्षति न्यूनीकरण गर्न आकस्मिक बाली संरक्षण तथा प्राविधिक सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

९. खाद्य तथा पोषण सुरक्षालाई सुदृढ गर्न धान, मकै तथा गहुँ लगायतका प्रमुख खाद्यान्न बालीमा गुणस्तरीय बीउको प्रयोगलाई प्रोत्साहन गरिनेछ । लोपोन्मुख तथा रैथाने बालीहरूको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । मौरीपालन तथा मह उत्पादनलाई कृषि आय विविधीकरण, परागसेचन व्यवस्थापन तथा उद्यमशीलताको महत्वपूर्ण माध्यमका रूपमा विस्तार गरिनेछ । संघीय सरकारको सहयोगमा सञ्चालन हुँदै आएको सुन्तला पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. उच्च मूल्य कृषि उपज उत्पादन गर्ने व्यावसायिक कृषक, कृषक समूह तथा कृषि उद्यमीलाई लागत साझेदारी तथा अनुदानमार्फत प्रोत्साहन गर्दै कृषिको आधुनिकीकरण, व्यावसायीकरण तथा निर्यात प्रवर्द्धनमार्फत कृषिलाई सम्मानित पेशाका रूपमा स्थापित गरिनेछ।

**पशुपन्छी विकासः**

११. **"पशुधनको विस्तार, आयआर्जनको आधार"** भन्ने मूल नाराका साथ पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक, उत्पादनमुखी तथा बजारमुखी बनाउँदै छत्रदेव गाउँपालिकालाई दूध र मासुमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

१२. पशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न छत्रदेव पशु अस्पताल तथा भेटेरिनरी ल्याब स्थापना तथा सञ्चालन गरी पशु सेवा केन्द्रको स्तरउन्नति गरिनेछ। कृषकहरूले गाउँमै पशुको रगत, गोबर परीक्षण तथा विशेषज्ञ सेवा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ। साथै मथुरा एग्रोफरेष्ट्री बहुप्राविधिक शिक्षालयसँगको सहकार्यमा कृषि तथा पशु इन्टर्न परिचालनसहित **"पशु स्वास्थ्य डोर टु डोर"** कार्यक्रम सञ्चालन गरी प्राविधिक तथा परामर्श सेवा कृषकको गोठसम्म पुऱ्याइनेछ।

१३. **"पशुपन्छीको नश्ल सुधारः आम्दानी र रोजगारीको आधार"** अभियान अन्तर्गत कृत्रिम गर्भाधान सेवालाई स्थानीय स्तरमै प्रभावकारी, पहुँचयोग्य तथा व्यवस्थित बनाइनेछ। पशुपालनमा आधुनिकीकरण, विविधीकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरणलाई प्रोत्साहन गर्दै पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१४. गाउँपालिकालाई दूध र मासुमा आत्मनिर्भर बनाई अतिरिक्त उत्पादनलाई बाह्य बजारमा प्रवर्द्धन गर्ने लक्ष्यसहित व्यावसायिक पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। दूधलाई उत्पादनबाट उद्यममा रूपान्तरण गर्दै कुराउनी, पनिर, घिउ, छुर्पी, मिठाई लगायत दूधजन्य परिकार उत्पादन गर्ने कृषक, समूह तथा सहकारीलाई लागत साझेदारीमा अनुदान तथा प्रोत्साहन प्रदान गरिनेछ। दूध उत्पादक किसानहरूलाई उत्पादनमा आधारित नगद अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. बाख्रापालन, गाईभैंसीपालन तथा कुखुरापालन व्यवसायलाई थप प्रतिस्पर्धी र व्यावसायिक बनाउन आवश्यक सामग्री, उन्नत खोर सुधार तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरण भएका बाख्रा पकेट तथा भैंसी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. पशुपन्छीमा लाग्ने महामारीजन्य रोगको नियन्त्रण तथा रोकथामका लागि रेबिज, पी.पी.आर., खोरेत, लम्पी स्किन, रानीखेत तथा गम्बारो रोग विरुद्ध निःशुल्क खोप अभियान सञ्चालन गरिनेछ। आकस्मिक महामारी तथा रोग नियन्त्रणका लागि आवश्यक औषधि तथा उपचार सामग्री मौज्दात राखी आवश्यकता अनुसार निःशुल्क वितरण गरिनेछ।

१७. कृषकहरूको लगानी सुरक्षित गर्न तथा पशुधनको अकाल मृत्युबाट हुने आर्थिक जोखिम न्यूनीकरण गर्न पशु बीमा कार्यक्रममा कृषकहरूको पहुँच विस्तार गरिनेछ। असल पशुपालन अभ्यास, स्वच्छ दूध उत्पादन तथा व्यावसायिक व्यवस्थापन सम्बन्धी स्थलगत तालिम प्रदान गरिनुका साथै उत्कृष्ट व्यावसायिक फार्महरूको अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१८. उपभोक्तालाई स्वच्छ तथा स्वस्थ मासु उपलब्ध गराउन मासु पसल सुधार कार्यक्रम सञ्चालन गरिनेछ। समुदायमा रेबिज रोगको जोखिम न्यूनीकरण तथा छाडा कुकुर र बिरालो व्यवस्थापनका लागि बन्ध्याकरण तथा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१९. मत्स्यपालनको सम्भावना भएका क्षेत्रहरू पहिचान गरी उन्नत जातका माछाका भुरा वितरण तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपालन तथा मत्स्य क्षेत्रलाई आयआर्जन, रोजगारी सिर्जना तथा स्थानीय आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा विकास गरिनेछ।

## उद्योग तथा वाणिज्यः

२०. **"स्थानीय उत्पादनको सम्मान, समृद्ध छत्रदेवको अभियान"** भन्ने मूल मन्त्रका साथ लघु, घरेलु तथा साना उद्योगहरूको स्थापना, विस्तार तथा स्तरोन्नतिमा सहजीकरण गरिनेछ। स्थानीय उत्पादनको गुणस्तर अभिवृद्धि, लेबलिङ, ब्राण्डिङ तथा बजारीकरणमा सहयोग पुऱ्याई उत्पादनलाई बजारसँग जोड्ने व्यवस्था मिलाइनेछ। उद्योग तथा वाणिज्य फर्मको दर्ता, नवीकरण, नामसारी तथा खारेजी लगायतका सेवाहरूलाई क्रमशः पूर्ण रूपमा विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।

२१. नवीकरण हुन नसकेका व्यवसायिक फर्महरूको पुनः सञ्चालन र औपचारिककरणका लागि विशेष सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ। व्यवसाय दर्ता तथा नवीकरणलाई सहज बनाउन वडा तहबाटै सेवा प्रवाह गरिनेछ। तोकिएको अवधि भित्र नवीकरण गर्न आउने व्यवसायीहरूलाई कानुनी व्यवस्थाको अधीनमा रही सहुलियत प्रदान गरिनेछ।

२२. उपभोक्ताको हकहित संरक्षण, स्वस्थ प्रतिस्पर्धा तथा गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धता सुनिश्चित गर्न बजार अनुगमनलाई नियमित, प्रभावकारी तथा चाडपर्व लक्षित रूपमा सञ्चालन गरिनेछ। कालोबजारी, कृत्रिम अभाव, म्याद नाघेका तथा अखाद्य वस्तुको बिक्री वितरण नियन्त्रण गरी सुरक्षित र व्यवस्थित बजार प्रणालीको विकासका लागि पहल गरिनेछ।

२३. साविकमा करदाता सेवा कार्यालहरुबाट प्रवाह भईरहेका सेवाहरु मध्ये स्थायी लेखा नम्बर प्रमाणपत्र जारी गर्ने लगायतका सेवाहरु गाउँपालिकाबाटै प्रदान गर्न आवश्यक पहल गरिनेछ।

२४. महिला, युवा तथा नवउद्यमीहरूको उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा आर्थिक सशक्तिकरणका लागि सीप, वित्तीय पहुँच, नवप्रवर्तन तथा बजार प्रवर्द्धनमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यलाई प्रवर्द्धन गर्दै स्थानीय उद्यम तथा व्यवसायलाई उत्पादन, प्रशोधन र बजारीकरणसँग जोडिनेछ।

२५. उत्कृष्ट उद्यमी तथा व्यवसायीहरूको योगदानको सम्मान गर्दै उद्योग दिवस लगायतका अवसरमा प्रोत्साहन, सम्मान तथा अध्ययन-अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ। करदाता शिक्षा तथा व्यवसायिक सचेतनामार्फत जिम्मेवार र प्रतिस्पर्धी व्यवसायिक संस्कृतिको विकास गरिनेछ।

## गरिबी निवारण तथा उद्यम विकास कार्यक्रमः

२६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी श्रृजना -१० जना, स्तरोन्नती -५ जना र प्रविधि हस्तान्तरण तर्फ -५ जनालाई प्रविधि सहयोग गरिनेछ।

२७. गरिबी न्यूनीकरण तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि **"एक व्यक्ति-एक उद्यम"** नीति अवलम्बन गर्दै नयाँ उद्यम सिर्जना, उद्यम स्तरोन्नति तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ। विपन्न, बेरोजगार, महिला, दलित, जनजाति तथा युवा लक्षित आयआर्जन र स्वरोजगारका अवसरहरू सिर्जना गरिनेछ।

२८. लघु उद्यम विकास कार्यक्रमलाई समयानुकूल परिमार्जन गर्दै सङ्घ, प्रदेश तथा स्थानीय तहको लागत साझेदारीमा सीप विकास, उद्यमशीलता, प्रविधि हस्तान्तरण तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादन, सीप, प्रविधि र बजारलाई एकीकृत गर्दै दिगो उद्यम विकासमा जोड दिइनेछ।

## भुमि व्यवस्थापनः

२९. स्थानीय तहभित्रका भूमिको वर्गीकरण, अभिलेखीकरण तथा भू-उपयोग योजना कार्यान्वयन गरी कृषि, आवास, उद्योग तथा सार्वजनिक प्रयोजनका लागि भूमिको व्यवस्थित उपयोग सुनिश्चित गरिनेछ।

**३०.** सरकारी, सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको पहिचान, संरक्षण, अभिलेखीकरण तथा अतिक्रमण नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

**३१.** कृषियोग्य भूमिको क्षयीकरण रोक्न भूमिको बैज्ञानिक उपयोग र अव्यवस्थित खण्डीकरण रोकथाममा जोड दिइनेछ ।

**३२.** भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको तथ्याङ्क अद्यावधिक गरी कानुन बमोजिम जग्गा व्यवस्थापन तथा स्वामित्व सुनिश्चित गर्न समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने ।

**सहकारी:**

**३३.** सहकारी क्षेत्रलाई सूचना प्रविधिमैत्री बनाउदै सहकारी, सहअस्तित्व र सहकार्यमा जोड दिइनेछ ।

**३४.** सहकारी संस्थाहरुलाई सूचना प्रविधिमैत्री सहकारी बनाउन क्षमता अभिवृद्धि तथा सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरी **डिजिटल सहकारी सेवा** विस्तार गरिनेछ ।

**३५.** सहकारीमार्फत् साना तथा मझौला उद्यममा लगानी तथा सहजीकरण गर्दै व्यावसायिक उत्पादन, प्रशोधन, भण्डारण साथै किसानले उत्पादन गरेका कृषि तथा पशुजन्य वस्तुको स्थानीय तथा राष्ट्रिय बजारसँग समन्वय गरी बजारीकरण गरिनेछ ।

**३६.** गाउँपालिकामा भएका सबै सहकारी संस्थाहरुलाई COPOMIS मा आवद्ध गरी सूचना तथा प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त बनाइनेछ ।

**३७.** सञ्चालक, कर्मचारी तथा सदस्यहरूको क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण र अनुगमन कार्यक्रम सञ्चालन गर्ने साथै नियमित प्रतिवेदन नगर्ने निष्क्रिय सहकारीहरुलाई दर्ता खारेजी प्रकृयामा लगिनेछ ।

**गाउँ सभासदस्य ज्यूहरु,**

**पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

**भौतिक/यातायात पूर्वाधार विकासः**

**३८.** आर्थिक वर्ष २०८३/०८४ मा पूर्वाधार विकास तर्फ दिगो विकासलाई प्राथमिकतामा राखिनेछ। योजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउन प्रविधिमैत्री योजना अनुगमन प्रणाली सुरुवात गरी कार्यमुलक अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

**३९.** उपभोक्ता समितिहरुबाट हुने कार्यहरुमासमेत अनिवार्य गुणस्तर परीक्षण गराउने गरी लागत अनुमानदेखि नै व्यवस्था गरिनेछ। साथै कार्यालयबाट गर्न सकिने गुणस्तर परीक्षणलाई थप प्रभावकारी बनाई गुणस्तरीय निर्माण कार्यलाई प्रोत्साहन गरिने छ।

**४०.** सडक पूर्वाधार निर्माण गर्दा सडक सुरक्षा मापदण्ड लागु गरिनेछ। निर्मित पूर्वाधारको नियमति मर्मत संभार सञ्चालन संरक्षण गर्न मर्मत सुधार कोषको व्यवस्था गरी सोही कोषको परिचालन मार्फत् कार्य सञ्चालन गरिनेछ।

**४१.** खानेपनी तर्फ **एक घर-एक धारा** कार्यक्रमलाई निरन्तरता दिईने छ। सङ्घ र प्रदेशबाट विनियोजन भएका योजनाहरुलाई समेत यस कार्यक्रमसँग जोडिने छ।

**४२.** छत्रदेव गाउँपालिकालाई धार्मिक पर्यटन हबको रुपमा विकसित गर्न यहाँका पर्यटकीय स्थल र धार्मिक सम्पदाहरुमा आवश्यक पूर्वाधार निर्माण गरिनेछ। बल्कोट पौवा स्तरोन्नती, छत्रमहाराज मन्दिर जस्ता महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुलाई गाउँपालिका बाहिरसमेत प्रचार प्रसार गरी पर्यटन प्रबर्द्धनका लागि आवश्यक पहल गरिने छ।

**४३.** ढुङ्गा, गिटी, बालुवा र अन्य नदीजन्य तथा खनिज पद्वार्थहरूको राजस्व संकलनलाई थप प्रभावकारी बनाउनका लागि सिमाना क्षेत्रका नदी तथा खोलाहरुको ठेक्का आव्हान गर्दा छिमेकी गाउँ/नगरपालिकाहरूसँग समन्वयन गरी संयुक्त रूपमा ठेक्का आव्हान गरिनेछ।

**४४.** पूर्वाधार निर्माणमा सार्वजनिक, निजी साझेदारीलाई प्राथमिकता दिइनेछ। आवश्यकता र विनियोजन अनुसार झोलुङ्गे पुल कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सम्बन्धी नीति तथा कार्यक्रमः**

**सुशासन, सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकासः**

**४५.** **"सक्षम कर्मचारी, प्रभावकारी सेवा"** अभियान अन्तर्गत गाउँपालिकाको प्रशासनिक, शैक्षिक तथा सेवा प्रवाह प्रणालीलाई थप सक्षम, उत्तरदायी, प्रविधिमैत्री र नतिजामुखी बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास, उत्प्रेरणा, डिजिटल रूपान्तरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट कार्यसम्पादनका आधारमा पुरस्कार, सम्मान तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

**४६.** सूचना व्यवस्थापन प्रणाली, डिजिटल अभिलेख तथा ई-गभर्नेन्स प्रणालीको प्रभावकारी सञ्चालनका लागि कर्मचारी, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ तथा तथ्यमा आधारित योजना तर्जुमा, अनुगमन र निर्णय प्रणालीलाई संस्थागत गरिनेछ।

**४७.** गाउँपालिकाको प्रशासनिक प्रणालीलाई क्रमशः पूर्ण डिजिटल प्रशासन (Digital Governance) मा रूपान्तरण गर्दै कार्यालय व्यवस्थापन, योजना अनुगमन, अभिलेख व्यवस्थापन, राजस्व प्रशासन, सम्पत्ति व्यवस्थापन, कर्मचारी व्यवस्थापन तथा सेवा प्रवाहलाई डिजिटल माध्यममा आधारित बनाइनेछ।

४८. **"सहज सेवा, नागरिकको पहुँचमा"** अभियान अन्तर्गत डिजिटल नागरिक वडापत्र प्रणाली सञ्चालनमा ल्याई गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू, आवश्यक कागजात, शुल्क, समयसीमा, जिम्मेवार अधिकारी तथा गुनासो सुनुवाइ सम्बन्धी जानकारीलाई डिजिटल माध्यमबाट सार्वजनिक गरिनेछ । साथै गाउँपालिकामा डिजिटल सेवा कियोस्क (Digital Service KIOSK) स्थापना गरी नागरिकलाई सेवा, सूचना, आवेदनको अवस्था, राजस्व विवरण तथा सार्वजनिक जानकारी एकै स्थानबाट प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

४९. सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्रशासनको मूल आधार बनाउँदै भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, गैरजिम्मेवारी तथा सेवाग्राहीमैत्री व्यवहारविपरितका गतिविधिप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

५०. असल अभ्यासको प्रवर्द्धन, नवप्रवर्तनको विस्तार तथा संस्थागत सिकाइलाई प्रोत्साहन गर्न उत्कृष्ट स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था तथा विकास साझेदारहरूसँग अन्तरपालिका तथा अन्तरसंस्थागत अध्ययन, अवलोकन तथा अनुभव आदानप्रदान भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

५१. **'स्मार्ट छत्रदेव'** अवधारणालाई संस्थागत गर्दै डिजिटल नागरिक वडापत्र, हेलो छत्रदेव, सेवा कियोस्क, विद्युतीय हाजिरी, अनलाइन योजना अनुगमन प्रणाली तथा एकीकृत सूचना व्यवस्थापन प्रणालीको माध्यमबाट सेवा प्रवाह, गुनासो व्यवस्थापन, अनुगमन तथा निर्णय प्रक्रियालाई प्रविधिमा आधारित, पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाइनेछ । **'पेपरलेस, डिजिटल र स्मार्ट प्रशासन'** अवधारणालाई कार्यान्वयन गर्दै छिटो, सरल, पारदर्शी, प्रविधिमैत्री र नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गरिनेछ ।

५२. आवश्यक जनशक्ति, शाखा, जिम्मेवारी तथा कार्यप्रवाहको मूल्याङ्कन गरी उपयुक्त संगठन संरचना निर्धारण गर्न, जनशक्ति व्यवस्थापन गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन, कार्य दोहोरोपन हटाउन, स्रोत-साधनको सदुपयोग गर्न, जवाफदेहिता र उत्तरदायित्व बढाउन, कानुनी व्यवस्था अनुरूप संरचना बनाउन, सुशासन प्रवर्द्धन गर्न एवम् दीर्घकालीन संस्थागत विकासका लागि गुणस्तरीय सेवा प्रवाह तथा सुशासन प्रतिविम्बित हुने गरी संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण गरिनेछ ।

५३. वडामा एकीकृत घुम्ती सेवा शिविर मार्फत् उपभोक्ता समितिसँग सम्झौता, व्यवसाय दर्ता, जेष्ठ नागरिक परिचय पत्र वितरण, कृषि तथा पशु प्रविधिक सेवा, स्वास्थ्य सेवा/परामर्श लगायतका सेवाहरू जनताको घर आँगनमा पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

५४. गाउँ कार्यापालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय एवम् स्वास्थ्य संस्थासमेतमा **Dedicated Internet** जडान गरी कार्यालयबाट सेवा लिँदा लाग्ने समय र लागत कटौतीका लागि प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।

५५. **"डिजिटल अनुगमन, द्रुत कार्यान्वयन"** अभियान अन्तर्गत विकास निर्माण कार्यको प्रभावकारी कार्यान्वयन, पारदर्शिता, जवाफदेहिता तथा नतिजामुखी व्यवस्थापन सुनिश्चित गर्न सूचना प्रविधिमा आधारित अनलाइन योजना अनुगमन ड्यासबोर्ड सञ्चालनमा ल्याइनेछ । उक्त प्रणालीमार्फत गाउँपालिकाबाटै वास्तविक समयमा योजनाहरूको प्रगति अवलोकन, अनुगमन, मूल्याङ्कन तथा आवश्यक सहजीकरण गर्न सकिने व्यवस्था गरी विकास निर्माण कार्यलाई थप प्रभावकारी, पारदर्शी, गुणस्तरीय तथा समयबद्ध बनाइनेछ ।

५६. कर्मचारीको मनोबल, कार्यक्षमता र उत्पादकत्व अभिवृद्धिका लागि योग, ध्यान, मानसिक स्वास्थ्य तथा उत्प्रेरणा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । रिक्त दरबन्दी शीघ्र पदपूर्तिका लागि पहल गरिनेछ ।

५७. विनियोजन कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

५८. विद्यालयमा शिक्षक तथा कर्मचारीको उपस्थितिलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउन, शैक्षिक प्रशासनलाई प्रविधिमैत्री र उत्तरदायी बनाउन, विद्यालयमा नियमितता, समयपालन र कार्यसम्पादनमा सुधार ल्याउन माध्यमिक विद्यालयको अतिरिक्त आधारभूत विद्यालयहरूमा समेत विद्युतीय हाजिरी जडान तथा व्यवस्थापन गरिनेछ।

५९. नीति निर्माण, योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा नागरिक, निजी क्षेत्र र सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै परिणाममुखी प्रशासनिक संस्कृतिको विकास गरिनेछ।

६०. गाउँपालिका भित्रको सार्वजनिक सेवा लिनका लागि सहज होस् भन्ने उद्देश्यले छुट्टै **"नागरिक सहायता कक्ष"** राखी सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६१. नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन, गुनासो व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा सेवाग्राही सन्तुष्टि मापनलाई नियमित गरिनेछ।

६२. सेवा प्रवाह गर्ने कार्यालयहरूमा सेवाग्राहीहरूलाई सहज बसाइ व्यवस्थापन, शुद्ध खानेपानीको प्रवन्ध मिलाइनेछ। सेवा प्रवाहमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष व्यवस्था गरिनेछ।

६३. आगामी आ.व. देखि लैङ्गिक उत्तरदायी बजेट कोडिङ् गर्नुका साथै दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्यका सूचकलाई सम्बोधन गरिनेछ।

६४. जनताको सूचनाको हकलाई उच्च प्राथमिकता राखी गाउँपालिका सम्बन्धी सूचना, सम्पादित कार्यहरू लगायतका सार्वजनिक सरोकारका सूचनामा सबैको सर्वसुलभ पहुँच हुनुपर्छ भन्ने मान्यता तथा कानूनी व्यवस्था बमोजिम नियमित **स्वतःप्रकाशन** गरिनेछ।

६५. **हाम्रो छत्रदेव मासिक e-Bulletin** र चौमासिक बुलेटिनमार्फत सार्वजनिक सेवा प्रवाह र गाउँपालिकाको गतिविधि सम्बन्धमा आम नागरिकलाई सु-सूचित गर्दै स्वतन्त्र सञ्चार क्षेत्रको रुपमा विकास गर्न समेत जोड दिइनेछ।

६६. विकास निर्माण तथा आर्थिक विकासमा साझेदारी तथा सहकार्य गर्ने गाउँपालिकाको अभ्यास बमोजिम विभिन्न सामाजिक संघसंस्थाको साथ र सहयोगमा श्रोतको खोजी तथा परिचालन गरिनेछ।

## वित्तीय सुशासनः

६७. सार्वजनिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरिनेछ। आर्थिक अनुशासन, खर्चमा मितव्ययिता र सुशासन प्रवर्धनमा विशेष जोड दिइनेछ।

६८. वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै विगतका वर्षहरुमा जस्तै बेरुजु न्यून गर्न प्रयास गरिनेछ। असुल उपर गर्नुपर्ने बेरुजु फर्छ्यौटको कार्यलाई कडाईका साथ लागु गरिनेछ।

६९. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाई आन्तरिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, गुनासो सुनुवाइ, अनुगमन तथा मूल्याङ्कन प्रणालीको समयानुकुल परिमार्जन तथा संशोधनका साथै नतिजामा आधारित प्रतिवेदन प्रणालीको विकास गरिनेछ।

७०. ***"हरेक रुपैयाँमा पारदर्शिता, हरेक योजनामा परिणाम र हरेक नागरिकमा विश्वास"*** कायम गर्न सार्वजनिक खर्चलाई मितव्ययी, औचित्यपूर्ण र उपलब्धिमूलक बनाउँदै आन्तरिक नियन्त्रण, नियमित अनुगमन तथा आन्तरिक लेखापरीक्षण प्रणालीलाई सुदृढ गरी वित्तीय अनुशासन कायम गरिनेछ।

७१. ***"नियन्त्रणमा मजबुती: सुशासनमा उत्कृष्टता"*** प्रवर्द्धन गर्न स्थानीय तहमा वित्तीय, प्रशासनिक तथा सेवा प्रवाह सम्बन्धी सम्पूर्ण कार्यलाई कानुन, मापदण्ड र प्रक्रियाअनुरूप सञ्चालन गर्दै जोखिम न्यूनीकरण,

जवाफदेहिता अभिवृद्धि तथा सुशासन प्रवर्द्धन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली विकास र सुदृढीकरण गरिनेछ।

**राजस्व प्रशासनः**

**७२.** नागरिकमा **"जनताले तिरेको कर वापतको रकम जनताकै विकासमा"** भन्ने भावनाको विकास गराई आन्तरिक आम्दानीका स्रोतहरूको खोजी तथा परिचालन गरी राजस्व सङ्कलनको दायरा विस्तार गरिनेछ। कर सचेतनाका विविध कार्यक्रम तथा अन्तरक्रिया आयोजना गरिनेछ।

**७३.** आन्तरिक राजस्व परिचालनमा देखिएका व्यवधानलाई अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरु पहिचान गरिनेछ। सबै नागरिक/उद्यमी/व्यवसायीलाई समेत करको दायरामा ल्याउन थप प्रयत्न गरिनेछ।

**७४.** कर तथा गैरकर राजस्व सङ्कलनमा गाउँपालिका तथा वडा कार्यालयमा प्रयोग भएको अनलाईन प्रविधिलाई निरन्तरता दिनुका साथै कर सङ्कलन कार्यमा पारदर्शितासमेत कायम गरिनेछ।

**७५.** करको दायरा विस्तार, कर प्रशासन सुधार तथा स्थानीय स्रोत-साधनको अधिकतम परिचालनमार्फत आन्तरिक राजस्व वृद्धि गरी वित्तीय आत्मनिर्भरता प्रवर्द्धन गरिनेछ।

**७६.** कर तिर्नु नागरिकको दायित्व र विकासमा सहभागिताको आधार हो भन्ने भावनालाई स्थापित गर्दै करको दरभन्दा करको दायरालाई प्राथमिकता दिने न्यायोचित, प्रगतिशील तथा नागरिकमैत्री कर प्रणाली अवलम्बन गरिनेछ। समयसापेक्ष रूपमा कर नीति तथा प्रशासनमा आवश्यक सुधार र परिमार्जन गरिनेछ।

**७७.** आन्तरिक राजस्व परिचालनमा रहेका चुनौतीहरूको अध्ययन गरी राजस्वका नयाँ स्रोतहरूको पहिचान, विस्तार तथा प्रभावकारी परिचालन गरिनेछ। सबै नागरिक, उद्यमी तथा व्यवसायीलाई करको दायरामा ल्याउन सचेतना, सहजीकरण तथा प्रविधिमा आधारित प्रणालीको विस्तार गरिनेछ।

**७८.** कर तथा गैरकर राजस्व सङ्कलनलाई थप सरल, पारदर्शी र प्रभावकारी बनाउन अनलाइन तथा डिजिटल भुक्तानी प्रणालीलाई सुदृढ गरिनेछ । गाउँपालिका तथा वडा कार्यालयमार्फत हुने राजस्व प्रशासनलाई प्रविधिमैत्री, उत्तरदायी र सेवाग्राहीमैत्री बनाउँदै सुशासन तथा वित्तीय अनुशासनलाई संस्थागत गरिनेछ।

**कानून न्यायः**

**७९.** न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम, मेलमिलापकर्ताको पुनर्ताजगी तथा संस्थागत सक्षमतामा वृद्धि गरी न्यायिक निरुपण र मेलमिलाप प्रबर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको सुदृढीकरणमा जोड दिइनेछ।

**८०.** सबै वडाका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिइनेछ। न्यायिक समितिको कार्य प्रक्रिया र मेलमिलाप प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। अन्तर स्थानीय तह अनुभव आदान-प्रदान गरिने छ।

**८१.** गाउँपालिकामा कार्यान्वयनमा आएका कानुनहरु लिपिबद्ध गरी कानुन सङ्ग्रह प्रकाशन गरिनेछ।

**मानव संसाधन विकासः**

**८२.** सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पूर्ण रुपमा सूचना प्रविधिमैत्री बनाउन जैविक विवरण पहिचानका लागि IRIS उपकरणको व्यवस्थापन गरिनेछ।

**८३.** जन्म, मृत्यु, विवाह बसाइँ सराइ सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटे लगत्तै दर्ता गराउन समुदायमा सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

८४. **'सुरक्षित घर, सुरक्षित परिवार'** भन्ने मूल नारालाई आत्मसात् गर्दै प्राकृतिक तथा अन्य विपद्बाट हुने मानवीय र आर्थिक क्षतिको जोखिम न्यूनीकरण गरी नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन गाउँपालिकाभित्रका हाल बसोबास गरिरहेका नागरिकका घरधुरीलाई पहिलो पटक विपद् आवास बीमाको दायरामा ल्याइनेछ।

८५. विपद र महामारीको पूर्व तयारी तथा प्रतिकार्यका लागि वडा स्तरमा गठित समिति लाई थप क्रियाशिल बनाइनेछ, विपदबाट हुने क्षतिको न्यूनिकरणका लागि **गाउँपालिका स्तरीय विपद् पुर्व तायारी तथा प्रतिकार्य योजना २०८३** र **मनसुनजन्य विपद पुर्वतयारी तथा प्रतिकार्य योजना, २०८३** को कार्यान्वयन गरी विपद पूर्व तयारीलाई जोड दिइनेछ, विपदको समयमा तत्काल उद्धार लागि **Rapid Response Team (RRT)** लाई आवश्यक सामग्री सहित परिचालन गरिनेछ।

८६. आगलागीको कारण जैविक विविधता तथा प्राकृतिक सन्तुलनमा नकारात्मक असर पर्ने भएकाले सुख्खा मौसममा निजि, सामुदायिक तथा सरकारी वनमा आगो लगाउने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। आगलागी लगायतका आकस्मिक विपद्को द्रुत प्रतिकार्यका लागि आवश्यक क्षमतासहितको **पानी ट्याङ्कर खरिद** गरी उच्च क्षमताको फायर पम्प तथा आवश्यक अग्नि नियन्त्रण उपकरण जडान गरिनेछ। आगलागी प्रभावित क्षेत्रमा तत्काल परिचालन गर्न सकिने मोबाइल अग्नि प्रतिकार्य प्रणाली विकास गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमतालाई सुदृढ बनाइनेछ।

८७. विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण र आपतकालीन सेवाको प्रभावकारी समन्वयका लागि २४ सै घण्टा सञ्चालन हुने **स्थानीय आपतकालिन केन्द्र (एकीकृत आकस्मिक कमाण्ड एण्ड कन्ट्रोल रुम)** व्यवस्थापन गरी सुरक्षा निकाय, स्वास्थ्य संस्था, एम्बुलेन्स सेवा तथा वडास्तरीय संयन्त्रसँग एकीकृत सूचना तथा समन्वय प्रणाली विकास गरिनेछ।

८८. विपदमा परेका नागरिकको उद्धार तथा राहतकालागि स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिंदै राहत तथा उद्धार कार्यलाई थप प्रभावकारी र सहज वनाइनेछ। विपद्सँग जुध्न विपद प्रतिकार्यकालागि सहयोगी संस्थाहरु, प्रदेश सरकार तथा सङ्घीय सरकार साथै छिमेकी स्थानीय तहसँग समन्वय र सहकार्यमा आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ गरिनेछ।

८९. विपद् जोखिम न्यूनीकरण तथा समुदायस्तरीय प्रतिकार्य क्षमता अभिवृद्धिका लागि गाउँपालिकास्तरीय **'विपद् स्वयंसेवक बैंक'** स्थापना गरी राष्ट्रिय प्रणालीमासमेत आबद्ध गराइनेछ। युवा, शिक्षक, स्वास्थ्यकर्मी, सामाजिक अभियन्ता तथा इच्छुक नागरिकहरूको सहभागितामा स्वयंसेवकहरूको अभिलेख व्यवस्थापन गरी खोज तथा उद्धार, प्राथमिक उपचार, आगलागी नियन्त्रण, मनोसामाजिक सहयोग, राहत व्यवस्थापन तथा विपद् प्रतिकार्य सम्बन्धी नियमित तालिम प्रदान गरी आवश्यकता अनुसार परिचालन गरिनेछ।

९०. विपद् जोखिमयुक्त क्षेत्रहरूको जोखिम नक्साङ्कन, पूर्वसूचना प्रणाली तथा **'एक वडा-एक विपद् प्रतिकार्य समूह'** गठन गरी स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा उद्धार क्षमतालाई सुदृढ बनाइनेछ। बाढी, पहिरो तथा अन्य प्राकृतिक जोखिमयुक्त क्षेत्रको पहिचान गरी सुरक्षित बस्ती विकास तथा जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गरिनेछ।

९१. **'हरियो वन, समृद्ध किसान'** अभियान अन्तर्गत सामुदायिक वनको अभिलेखीकरण तथा उपभोक्ता समितिको अभिमुखीकरण मार्फत उत्पादकत्व र आयआर्जन अभिवृद्धिका लागि कृषि वन (**Agro forestry**), जडीबुटी, मसलाजन्य तथा बहुउपयोगी डाले घाँस प्रजातिको प्रवर्द्धनका लागि पहल गरिनेछ।

**<u>सरसफाइ तथा फोहोर व्यवस्थापनः</u>**

९२. गाउँपालिका, वडा कार्यालय, सरकारी कार्यालय तथा सामुदायिक विद्यालयहरूमा प्लास्टिक झोलाको प्रयोग नगर्ने नीति अवलम्बन गरी वातावरणमैत्री विकल्पहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

९३. **'फोहोरबाट सुधारको शुरुआत'** अभियान अन्तर्गत स्वास्थ्य संस्थाबाट उत्पन्न फोहोरमैला व्यवस्थापन प्रणालीको सुरुआत गरी गाउँपालिकास्तरीय फोहोरमैला व्यवस्थापन प्रणाली क्रमशः विस्तार गरिनेछ। स्रोतमै फोहोर वर्गीकरण र स्वास्थ्य संस्थाको फोहोरको सुरक्षित व्यवस्थापनबाट स्वच्छ छत्रदेव अभियान प्रारम्भ गरिनेछ।

**<u>शान्ति सुरक्षाः</u>**

९४. **"सुरक्षित छत्रदेव, समृद्ध छत्रदेव"** अभियान अन्तर्गत शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सार्वजनिक सुरक्षालाई प्रविधिमैत्री, उत्तरदायी र प्रभावकारी बनाइनेछ। यसका लागि गाउँपालिकास्तरीय नगर प्रहरी सेवा स्थापना गरी आवश्यक कानुन, नीति, संगठन संरचना, तालिम तथा व्यवस्थापनको व्यवस्था मिलाइनेछ। नगर प्रहरीले सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै सार्वजनिक सम्पत्ति संरक्षण, धार्मिक तथा सांस्कृतिक सम्पदाको सुरक्षा, बजार व्यवस्थापन, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा आपतकालीन सेवामा भूमिका निर्वाह गर्ने व्यवस्था मिलाइनेछ।

९५. प्रमुख धार्मिक, ऐतिहासिक, पर्यटकीय तथा सार्वजनिक महत्वका स्थलहरूमा चरणबद्ध रूपमा सिसिटिभी निगरानी प्रणाली विस्तार गरी धार्मिक तथा सांस्कृतिक सम्पदाको सुरक्षा सुदृढ गरिनेछ।

९६. साइबर अपराध, अनलाइन ठगी तथा डिजिटल जोखिम न्यूनीकरणका लागि विद्यालय, वित्तीय संस्था, सहकारी, कर्मचारी तथा सर्वसाधारण नागरिक लक्षित साइबर सुरक्षा सचेतना अभियान सञ्चालन गरिनेछ।

९७. **'स्मार्ट सुरक्षा छत्रदेव'** अवधारणा अन्तर्गत नगर प्रहरी, सुरक्षा निकाय, सिसिटिभी निगरानी प्रणाली, इमर्जेन्सी कमाण्ड एण्ड कन्ट्रोल रुम, अग्नि प्रतिकार्य संयन्त्र, विपद् स्वयंसेवक बैंक, साइबर सुरक्षा तथा पूर्वसूचना प्रणालीलाई एकीकृत गरी सुरक्षित, उत्थानशील र विपद् प्रतिरोधी छत्रदेव निर्माण गरिनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

**सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

**<u>शिक्षाः</u>**

९८. **"गुणस्तरीय शिक्षा, सफलताको दिशा"** भन्ने मान्यतालाई आत्मसात गरी गुणस्तर मापनका सम्पूर्ण सूचकहरुको विश्लेषण गरी शिक्षालाई गुणस्तरीय बनाउन जोड दिइनेछ।

९९. छत्रदेव गाउँपालिकाको समृद्धिको आधार शिक्षित, सीपयुक्त, स्वस्थ र जिम्मेवार नागरिक भएकोले शिक्षा तथा खेलकुद क्षेत्रलाई मानव विकासको प्रमुख आधारस्तम्भका रूपमा अगाडि बढाइनेछ। विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, बालबालिकाको सर्वाङ्गीण विकास, शिक्षक क्षमता विकास, प्रविधिमैत्री शिक्षण, विद्यार्थीको प्रतिभा पहिचान तथा खेलकुदको संस्थागत विकासमार्फत प्रतिस्पर्धी र सक्षम जनशक्ति उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ।

१००. प्रविधिमैत्री सिकाईलाई जोड दिदै **स्मार्ट बोर्ड तथा डिजिटल सिकाई सामग्री**को व्यवस्थापन गरी शिक्षण सिकाई क्रियाकलापलाई समय सापेक्ष र प्रभाबकारी बनाईने छ। विद्यालयमा उपलब्ध कम्प्युटर तथा सूचना प्रविधि सामग्रीको संरक्षण, मर्मत तथा प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ। विद्यालय प्रशासन तथा शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।

**१०१.** गाउँपालिकाका विद्यालयहरुमा सञ्चालन हुने निदानात्मक तथा निर्णयात्मक परीक्षाहरुलाई प्रभावकारी, विश्वसनिय, वस्तुनिष्ठ र वैध बनाउन गाउँपालिकाको कक्षा ८ परीक्षा समिति तथा शैक्षिक मूल्याङ्कन परिषद्लाई थप जिम्मेवारी बनाइनुका साथै विभिन्न परीक्षाहरुको प्रभावकारी ढङ्गबाट अनुगमन गरिनेछ।

**१०२.** **"हाम्रो संस्कृति, हाम्रो पहिचानः स्थानीय पाठ्यक्रम हाम्रो अभियान"** भन्ने नारालाई अत्मसाथ गर्दै कक्षा एक देखी कक्षा आठ सम्मको स्थानीय पाठ्यपुस्तक निर्माण तथा प्रकाशनलाई निरन्तरता दिइनेछ।

**१०३.** **"निरन्तर शिक्षक विकास, गुणस्तरिय शिक्षाको प्रयास"** भन्ने मान्यता अनुरुप शिक्षकहरुलाई आफ्नो कार्यसम्पादनमा प्रभावकारिता ल्याउन, सिकाई सहजीकरण क्रियाकलापलाई थप प्रभावकारी बनाउन शिक्षकलाई प्रविधिमैत्री तालिमको व्यवस्था गरिनेछ।

**१०४.** उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक, कर्मचारी, विद्यालय, विद्यालय व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारमा उल्लेखनीय योगदान पुऱ्याउन प्रधानाध्यापकहरूलाई प्रोत्साहित गरिनेछ।

**१०५.** **"एक विद्यालय, एक विशेषता"** अभियान प्रत्येक विद्यालयलाई कम्तीमा एक विशिष्ट शैक्षिक, प्राविधिक, सांस्कृतिक वा खेलकुद पहिचान विकास गर्न प्रोत्साहित गरिनेछ, जसले विद्यालयबीच स्वस्थ प्रतिस्पर्धा र गुणस्तर वृद्धि गर्नेछ।

**१०६.** विद्यालयको वातावरणलाई स्वच्छ, हराभरा र मनोरम बनाउन **"हरित विद्यालय तथा विद्यालय करेसाबारी कार्यक्रम"** लाई जोड दिइनेछ।

**१०७.** **"लुकेको क्षमता चिनौ, प्रतिभालाई अगाडि बढाऔ"** भन्दै विद्यार्थीहरुको सर्वाङ्गिण क्षमताको विकासमा जोड दिन विद्यालयस्तरीय हाजिरीजवाफ, वक्तृत्वकला, निबन्ध लेखन, विज्ञान प्रदर्शनी, सांस्कृतिक कार्यक्रम तथा सिर्जनात्मक गतिविधि सञ्चालन गरी विद्यार्थीको अन्तर्निहित क्षमता विकास गरिनेछ।

**१०८.** गाउँ शिक्षा योजना २०८१/०८२-२०८५/०८६ लाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकाको शिक्षालाई थप व्यवस्थित, योजनावद्ध र प्रभावकारी बनाउन पहल गरिनेछ।

**१०९.** विभिन्न परीक्षाको नतिजाको विश्लेषण गरी कमजोर नतिजा ल्याउने विद्यालयहरुलाई सुधारका लागि थप जिम्मेवार बनाइने छ। उत्कृष्ट शिक्षक, विद्यार्थी, विद्यालय तथा खेलाडीलाई वार्षिक रूपमा सम्मान तथा पुरस्कृत गरिनेछ। कक्षा ८ र SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई विशेष सम्मान तथा प्रोत्साहन प्रदान गरिनेछ। विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताहरूको मनोबल अभिवृद्धि गर्दै सेवाप्रतिको उत्तरदायित्व बढाउन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

**११०.** **"विद्यालय लाई संझौँ आफ्नै घर, कर्तव्य पुरा गरौँ निरन्तर"** भन्ने मान्यताका साथ शिक्षाको गुणस्तर सुधारका लागि अभिभावक, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिलगायत सरोकारवाला सबैलाई जिम्मेवार बनाइने छ।

**१११.** बालविकास केन्द्रलाई विद्यालय शिक्षाको जगका रूपमा विकास गर्न बालविकास सहजकर्ताका लागि **मन्टेश्वरी** तथा बालमैत्री शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ। बालबालिकाको मनोवैज्ञानिक, बौद्धिक तथा सामाजिक विकासमा सहयोग पुग्ने गतिविधिलाई प्रोत्साहन गरिनेछ।

**११२.** माध्यमिक तहका विद्यार्थीहरूलाई उच्च शिक्षा, प्राविधिक शिक्षा, उद्यमशीलता तथा रोजगारीका अवसरबारे जानकारी गराउन **CAREER COUNSELING** कार्यक्रम सञ्चालन गरिनेछ, जसले विद्यार्थीलाई भविष्यप्रति स्पष्ट दृष्टिकोण बनाउन सहयोग पुऱ्याउनेछ।

**११३.** अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको बिकल्पको रूपमा लिई सामुदायिक सिकाई केन्द्रबाट अनौपचारिक शिक्षा तथा सीप विकासका तालिमहरु सञ्चालन गरिनेछ।

**११४.** धार्मिक विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा प्रभावकारीता ल्याई परम्परागत शिक्षाको संरक्षण र सम्बर्धन गरिनेछ। साथै विशेष शिक्षा सञ्चालित विद्यालयको व्यवस्थापनमा आवश्यक पहल गरिनेछ।

**११५.** विद्यालयहरुमा जङ्कफुड निषेधित गर्दै खाजाको रुपमा स्थानीय स्तरमा उत्पादित खानेकुरा प्रयोगमा लागि जोड दिइनेछ।

**११६.** **"BIG AND SMART SCHOOL"** निर्माण गर्ने अवधारणालाई जोड दिंदै शिक्षक विद्यार्थी अनुपात तथा भौगोलिक अवस्थालाई समेत ध्यान दिई शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन र कक्षा समायोजनको कार्यलाई निरन्तरता दिइनेछ।

**११७.** कृषि विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराई कृषि क्षेत्रप्रति आकर्षण बढाइनेछ। स्थानीय कृषि प्रणालीसँग जोडिने अनुसन्धान तथा प्रयोगात्मक सिकाइलाई प्रोत्साहन गरिनेछ।

**११८.** गाउँपालिकाका विद्यालयहरुका शैक्षिक कार्यक्रमहरुमा एकरुपता ल्याउन **"शैक्षिक कार्यतालिका निर्माण"** गरी कार्यान्वयन गरिनेछ।

**११९.** बालविकास केन्द्रदेखि आधारभूत तहसम्म सिकाइ उपलब्धि सुधार गर्न आवश्यक शैक्षिक सामग्री, मूल्याङ्कन प्रणाली तथा सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ। NURSERY, LKG तथा कक्षा १-५ का विद्यार्थीका लागि आवश्यक अभ्यास सामग्री, मूल्याङ्कन फाराम तथा सिकाइ सहायक सामग्री उपलब्ध गराइनेछ।

**१२०.** कक्षा ८ को परीक्षा तथा कक्षा ३, ५ र ८ का सिकाइ उपलब्धि परीक्षणलाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाइनेछ। प्रश्नपत्र निर्माण, सञ्चालन, अनुगमन तथा नतिजा विश्लेषणलाई थप प्रभावकारी बनाइनेछ।

**१२१.** विद्यालय तथा शैक्षिक कार्यक्रमहरूको नियमित अनुगमन, स्वमूल्याङ्कन तथा सुधार योजनाको अभ्यासलाई संस्थागत गरिनेछ। विद्यालयको वास्तविक अवस्था र सिकाइ उपलब्धिको आधारमा सुधारात्मक कार्यक्रम सञ्चालन गरिनेछ। विधालयलाई कार्यसम्पादनमा आधारित अनुदान दिने परिपाटी विकास गर्दै लगिनेछ।

**१२२.** शिक्षकहरूलाई आधुनिक शिक्षण विधि, प्रविधिमैत्री कक्षा व्यवस्थापन, निरन्तर विद्यार्थी मूल्याङ्कन तथा विषयगत दक्षता अभिवृद्धिका लागि क्षमता विकास तालिम प्रदान गरिनेछ।

**युवा तथा खेलकुदः**

**१२३.** **"युवामा लगानीले ल्याउँछ विकासको बिहानी"** भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिकाको खेलकुद क्षेत्रलाई संस्थागत रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न छत्रदेव खेलकुद विकास परिषद् गठन गरी दीर्घकालीन खेल नीति र कार्ययोजना कार्यान्वयन गरिनेछ। युवा सशक्तिकरणमा खेलकुदलाई सर्वाधिक प्राथमिकता दिइनेछ।

**१२४.** प्रतिभावान खेलाडीको पहिचान, प्रशिक्षण र क्षमता विकासका लागि **छत्रदेव स्पोर्ट्स एकेडेमी** स्थापना गरी चरणबद्ध रूपमा सञ्चालन गरिनेछ। विद्यालयस्तरबाटै खेल प्रतिभा उत्पादन गर्ने आधार तयार गरिनेछ।

**१२५.** **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** भन्ने नारालाई आत्मसाथ गर्दै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई विद्यालय खेलकुदको महा-उत्सवका रुपमा लिई यसको सञ्चालन र व्यवस्थापनमा थप प्रभावकारिता ल्याइनेछ। उत्कृष्ट खेलाडी छनोट तथा तयारीमा विशेष ध्यान दिइनेछ।

**१२६.** अध्यक्ष कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ। खेलाडीहरुमा रहेको प्रतिभालाई थप विकसित गर्न, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा आयोजना हुने खेलकुदमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन अभ्यास खेलहरुमा जोड दिइनेछ।

**१२७.** **"व्यायाम गरौँ शरीर र मन दुबै तन्दुरुस्त बनाऔँ"** भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक स्थानमा खुल्ला व्यायामशाला निर्माण तथा व्यवस्थापन गरिने छ।

१२८. गाउँपालिकामा रहेका युवा क्लबहरूलाई सामाजिक काममा सक्रिय बनाई युवा जागरण अभियान सञ्चालन गरिनेछ।

१२९. खेलकुदलाई स्वास्थ्य, अनुशासन, नेतृत्व विकास तथा सामाजिक एकताको माध्यमका रूपमा विकास गर्दै विद्यालय तथा समुदायस्तरमा खेल संस्कृतिको विस्तार गरिनेछ।

१३०. सार्वजनिक खेलमैदान, खुला व्यायामशाला तथा खेल अभ्यास स्थलहरूको निर्माण, स्तरोन्नति र संरक्षण गरिनेछ। सबै वडाका युवाहरूको पहुँच सुनिश्चित हुने गरी खेल पूर्वाधार विकास गरिनेछ।

१३१. प्रत्येक विद्यालयमा नियमित खेलकुद गतिविधि सञ्चालन गरी विद्यार्थीको शारीरिक, मानसिक तथा भावनात्मक विकासमा योगदान पुऱ्याइनेछ । युवाहरूलाई नेतृत्व, सामाजिक उत्तरदायित्व, स्वयंसेवा तथा नवप्रवर्तनमा सहभागी गराउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

<u>स्वास्थ्यः</u>

१३२. राष्ट्रले लिएको दीगो विकास लक्षलाई आत्मसात गर्दै **शून्य घरमा प्रसूती**को नीति अवलम्बन गरी क्रमिक रुपमा वडाहरुलाई शून्य घरमा प्रसूती वडाको रुपमा घोषणा गर्दै गाउँपालिकालाई सून्य घरमा प्रसूती गाउँपालिकाको रुपमा अघी बढाइने छ।

१३३. नसर्ने रोगको जोखिमलाई कम गर्न चेतना अभिबृद्धि, नियमित स्वास्थ्य जाँच, कृषि उपजमा रासायनिक मल र औषधीको बिकल्पमा जैविक मल र औषधीको प्रयोगलाई जोड दिने जस्ता कार्यक्रम सञ्चालन गरिने छ। **"मानसिक स्वास्थ्यमा सुधारः स्वस्थ नागरिक छत्रदेवको आधार"** अभियानका लागि लागत साझेदारीमा **सङ्क्रमणकालिन न्यायका लागि मनोसामाजिक परामर्श र सामुदायिक एकीकरण कार्यक्रम** सञ्चालन गरिनेछ।

१३४. **"मेरो स्वास्थ्यः मेरो जिम्मेवारी"** भन्ने नारालाई आत्मसात गर्दै नागरिकको स्वस्थ्यकर जीवनशैलीका माध्यमबाट नागरिकको शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक स्वास्थ्य प्रवर्धनका लागि आवश्यक पहल गरिनेछ।

१३५. गाउँपालिकामा निर्माण भैरहेको १५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न गरी चौबिसै घण्टा आम नागरिकलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।

१३६. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा **eHMIS** लागु गरी स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउँदै बिश्वसनीय तथ्याङ्कको श्रोतका रुपमा उपयोगमा ल्याइनेछ । सुशासन, पारदर्शिता र जवाफदेही सेवाको सुनिश्चितताको लागि विद्युतीय प्रविधिको प्रयोग गरिने छ।

१३७. समुदायमा बालबालिकामा हुने कुपोषणलाई कम गर्न समुदायमा स्थानीय खाना र पोषणको महत्व सम्बन्धमा जनचेतना अभिबृद्धि गरिनेछ। सुनौला हजार दिनमा आमा तथा बच्चाहरुलाई पोषण परामर्शसँगै नियमित बृद्धि अनुगमनलाई जोड दिइनेछ।

१३८. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाले प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक सेवामा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै सेवावाट अनिवार्य अवकाश पछि पेन्सनका लागि **पेन्सन कोष**को व्यवस्था गरिनेछ।

१३९. प्रसूति सेवा र आकस्मिक अवस्थामा यातायात खर्चको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइनेछ, यसका लागि बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्स गाउँपालिकाबाट सञ्चालका लागि स्पष्ट कार्यविधि निर्माण गरी थप व्यवस्थित गरिनेछ । स्वास्थ्यकर्मीबाट घरमै सुत्केरी तथा नवशिशुको जाँच भेट गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ, **ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम**लाई थप प्रभावकारी वनाइनेछ।

**१४०.** **उपाध्यक्ष मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम**लाई निरन्तरता दिँदै थप व्यवस्थित गरिनेछ । उक्त कार्यक्रमको सहयोगमा सुरक्षित मातृत्व तथा पोषण सेवाको उपभोग बढाई सम्बन्धित सूचकहरुको प्रगतिमा सुधार ल्याउन पहल गरिने छ । सुरक्षित मातृत्व तथा पोषण कार्यक्रमको उपभोगलाई बृद्धि गर्दै **सुनौला हजार दिनका आमा र बालबालिका**को स्वास्थ्य अवस्था राम्रो बनाउन **स्मार्ट आमा कार्यक्रम** सञ्चालन गरिनेछ ।

**१४१.** कुपोषणको रोकथाम तथा नियन्त्रणका लागि बालबालिकाको नियमित बृद्धि अनुगमन कार्यलाई प्रभावकारी बनाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई क्रमशः **पोषण मैत्री स्वास्थ्य संस्था युक्त गाउँपालिका** बनाउने नीति लाई निरन्तरता दिइनेछ ।

**१४२.** **समुदायको सहभागिता, क्षयरोग मुक्त गाउँपालिका** अभियान मार्फत **क्षयरोग मुक्त नेपाल घोषणा अभियान निर्देशिका, २०७८** ले निर्देशित गरे अनुसारका क्रियाकलाप सञ्चालन गरी गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका निर्माणका लागि आधार तयार गरिनेछ ।

**१४३.** **खोज र खोप**को नीति लाई निरन्तरता दिँदै विगत देखि कायम रहेको पूर्णखोपको अवस्थालाई कायम राख्न गाउँपालिकालाई **पूर्ण खोप सुनिश्चितता** कायम गरिनेछ, **सुरक्षित सुई**को मान्यतालाई आत्मसात गर्दै खोप सेवालाई सहज र सुरक्षित तरिकाले प्रदान पहल गरिनेछ ।

**१४४.** **स्थानीय सरकारः असक्त नागरिकको आधार** भन्ने मर्म अनुसार आधारभूत स्वास्थ्य सेवाको सहज पहुँच पुग्न नसकेका अति असक्त अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुकालागि प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्यकर्मीहरु द्धारा घरमै स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

**१४५.** **विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम** लाई थप प्रभावकारी बनाउन **विद्यालयमा स्वास्थ्य सम्पर्क शिक्षक**को व्यवस्था गरी जिम्मेवार वनाइने छ । हरेक किशोरीलाई साप्ताहिक रुपमा आइरन फोलिक एसिड चक्की उपलब्ध गराउने र परजीवि नियन्त्रणकालागि ६/६ महिनामा जुकाको औषधी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश सरकारसँगको समन्वयसमेतका आधारमा किशोरीहरुमा रक्तअल्पता परीक्षण गरीनेछ ।

**१४६.** **पाठेघरको मुखको क्यान्सरको रोकथाम**का लागि लक्षित किशोरीहरुलाई HPV खोप उपलब्ध गराइनेछ । पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्या आदिको समयमै पहिचानका लागि **प्रजनन् रुग्णता स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ ।

**१४७.** रुपन्देही जिल्लामा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा छत्रदेव बासी नागरिकलाई उपचारको क्रममा रगतको आवश्यकता पर्दा निःशुल्क रगत तथा रगतजन्य सामग्रीको उपलब्धता गराउने कार्यलाई थप प्रभावकारी वनाइनेछ ।

**१४८.** HIV सङ्क्रमितहरुको पोषणमा सहयोग गर्न विगतदेखि उपलब्ध गराउँदै आएको पोषण खर्चलाई निरन्तरता दिई उनिहरुलाई सम्मान पूर्वक बाच्न पाउने आधार निर्माण गरिनेछ ।

**१४९.** विभिन्न सङ्घ संस्थासँगको समन्वय तथा सहयोगमा **बिशेषज्ञ स्वास्थ्य शिविर**को माध्यमबाट गाउँपालिकामा बिशेषज्ञ सेवा प्रदान गरिनेछ ।

**१५०.** नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित बनाई **"स्वस्थ जीवन, समृद्ध समाज"** अभियान अन्तर्गत नागरिकहरूको समग्र स्वास्थ्य सुधार, रोग प्रतिरोधात्मक क्षमता वृद्धि तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा प्रणालीमा आधारित एकीकृत स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

**१५१.** नागरिकस्तरमा पोषणयुक्त आहार, स्वच्छ भान्सा व्यवस्थापन तथा स्वस्थ जीवनशैली अपनाउने अभ्यासलाई प्रवर्द्धन गर्न **'स्वस्थ जीवनशैली तथा भान्सा सुधार कार्यक्रम'** सञ्चालन गरिनेछ ।

१५२. शिशु तथा बालबालिकाको शारीरिक तथा मानसिक विकासलाई लक्षित गर्दै आयुर्वेदिक पद्धतिअन्तर्गत **'स्वर्णबिन्दु प्राशन'** कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ।

१५३. जनप्रतिनिधि, कर्मचारी, शिक्षक र सर्वसाधारण लक्षित योग, ध्यान तथा आयुर्वेदिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरी मानसिक स्वास्थ्य सुधार, तनाव व्यवस्थापन तथा कार्यक्षमता अभिवृद्धि गरिनेछ।

१५४. गाउँपालिकास्तरमा आयुर्वेद सेवा सुदृढ गर्दै आवश्यक आयुर्वेदिक औषधि तथा सेवा सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। स्थानीय जडीबुटी तथा औषधीय वनस्पतिको उपयोगलाई प्रोत्साहन गरिनेछ। आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सालाई आधारभूत स्वास्थ्य सेवासँग आबद्ध गर्दै रोगको रोकथाममा जोड दिइनेछ। विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा, योग अभ्यास तथा जीवनशैली सुधार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी दीर्घकालीन रूपमा **स्वस्थ पुस्ता** निर्माणमा जोड दिइनेछ।

## धार्मिक सम्पदा, संस्कृति प्रबर्द्धन एवम् पर्यटन विकासः

१५५. गाउँपालिका भित्रका ऐतिहासिक, पुरातात्विक, पर्यटकीय सम्पदा, मठमन्दिर, पाटी, पौवा, आश्रम जस्ता धार्मिक तथा सांस्कृतिक सम्पदासँग सम्बन्धित मौलिक परम्परा, पर्व, जात्रा तथा धार्मिक अनुष्ठानहरूको संरक्षण र प्रवर्द्धनमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ।

१५६. कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालीम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

१५७. पालिकाको गौरव तथा पहिचानका रूपमा रहेको ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक महत्त्वको छत्रमहराज मन्दिर क्षेत्रलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गरिनेछ। छत्रमहराज क्षेत्रको राष्ट्रियस्तरमा प्रचार-प्रसार गर्दै **'नेपालको बार्बरिक/खाटु श्याम-छत्रमहराज, धार्मिक पर्यटनको नयाँ आयाम'** अभियान सञ्चालन गरिनेछ। धार्मिक आस्था, सांस्कृतिक सम्पदा र पर्यटन प्रवर्द्धनलाई एकीकृत रूपमा अघि बढाई आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ। हाल साताको एक दिन मात्र सञ्चालन हुँदै आएको मन्दिर तथा सम्बन्धित धार्मिक संरचनालाई आवश्यक व्यवस्थापन, जनशक्ति तथा पूर्वाधार व्यवस्थापनका लागि नियमित अनुदान उपलब्ध गराई सातै दिन दर्शन तथा पूजा-आराधनाका लागि खुला राख्न आवश्यक पहल गरिनेछ।

१५८. छत्रमहाराज दर्शन मार्ग तथा अन्य प्रमुख पर्यटकीय र धार्मिक रुटहरूमा स्थानीय समुदायको आयआर्जन अभिवृद्धि गर्न होमस्टे, स्थानीय परिकार, हस्तकला तथा सांस्कृतिक कार्यक्रमहरूको प्रवर्द्धन गरिनेछ। पर्यटन मार्गमा आवश्यक पूर्वाधार, सूचना केन्द्र, विश्रामस्थल तथा सरसफाइ व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

१५९. स्थानीय कला र गलामार्फत् सामाजिक चेतना अभिवृद्धि गरिनेछ। स्थानीय कला, संस्कृति र कलाकारको संरक्षण र प्रवर्धन तथा गाउँपालिकाको पर्यटन, कला, संस्कृति तथा स्थानीय उत्पादनको प्रवर्द्धनका लागि **छत्रदेव साँस्कृतिक तथा पर्यटन महोत्सव**को आयोजना गरिनेछ। महोत्सवमार्फत स्थानीय साँस्कृतिक सम्पदा, कृषि तथा पशुपालनजन्य उत्पादन, हस्तकला, उद्यमशीलता र पर्यटन सम्भावनाको व्यापक प्रचार-प्रसार गरिनेछ।

१६०. **"हाम्रो भाषा, हाम्रो संस्कृति, हाम्रो पहिचान"** अभियान अन्तर्गत गाउँपालिकाभित्र विद्यमान धार्मिक, सांस्कृतिक, भाषिक तथा परम्परागत सम्पदाको संरक्षण, संवर्द्धन र पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**१६१.** धार्मिक, सांस्कृतिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका पुजारी, पण्डित, धर्मगुरु, बाजागाजा कलाकार, भजन-कीर्तन समूह तथा अन्य सांस्कृतिक व्यक्तित्वहरूको सम्मान, अभिलेखीकरण तथा प्रोत्साहन गरिनेछ।

**१६२.** धार्मिक तथा सांस्कृतिक परम्पराको संरक्षण र गुणस्तरीय अभ्यास प्रवर्द्धन गर्ने पुजारी, पण्डित, धर्मगुरु तथा साँस्कृतिक कर्मीहरूको धार्मिक, साँस्कृतिक तथा नैतिक नेतृत्व सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

**१६३.** स्थानीय संस्कृति, कला, भेषभूषा, लोकसंगीत तथा धार्मिक परम्पराको संरक्षण र प्रवर्द्धनका लागि भजन-कीर्तन, लोकगीत, लोकनृत्य, पञ्चेबाजा, नौमती बाजा तथा अन्य परम्परागत बाजागाजा प्रतियोगिता तथा सांस्कृतिक महोत्सवहरू आयोजना गरिनेछ।

**१६४.** लोपोन्मुख भाषा, संस्कृति, रीतिरिवाज, मौलिक कला तथा परम्परागत ज्ञानको संरक्षण, दस्तावेजीकरण तथा पुस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ।

**१६५.** स्थानीय विद्यालयहरू, युवा क्लबहरू तथा सांस्कृतिक संस्थाहरूसँग सहकार्य गरी नयाँ पुस्तालाई भाषा, संस्कृति, नैतिक मूल्य र स्थानीय इतिहासप्रति सचेत एवम् उत्तरदायी बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

**१६६.** भाषा, संस्कृति, कला र सम्पदालाई पर्यटन, शिक्षा तथा स्थानीय आर्थिक विकाससँग आबद्ध गर्दै छत्रदेवको मौलिक पहिचानलाई राष्ट्रिय स्तरमा प्रवर्द्धन गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

### "समावेशी सहभागिता, समृद्ध समाजको सुनिश्चितता"

**१६७.** ज्येष्ठ नागरिकहरूको संरक्षण, स्वास्थ्य सेवा, मानसिक भलाइ, सामाजिक सुरक्षा र सम्मानार्थ पुस्तान्तरण, पारिवारिक संस्कार तथा सामाजिक सद्भाव अभिवृद्धिका लागि **'बाको छहारी र आमाको चौतारी'** कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकका अनुभव, ज्ञान र मूल्य-मान्यताको हस्तान्तरणलाई प्रोत्साहन गरिनेछ। ज्येष्ठ नागरिकहरूसँग भएको पुरानो ज्ञान, मौलिक सीप र अनुभवलाई सम्मान गर्दै गाउँपालिका क्षेत्रको समग्र विकासमा प्रयोग गर्ने नीति लिइनेछ। नसर्ने रोगहरूको नियन्त्रण र मानसिक स्वास्थ्यका लागि वडा स्तरमा ज्येष्ठ नागरिक लक्षित योग, ध्यान तथा जीवनशैली व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**१६८.** स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै नियमित बालभेला, बाल संवाद र बाल सुनुवाइ कार्यक्रममार्फत बालमैत्री शासन प्रणालीको पूर्ण कार्यान्वयन गर्दै बालबालिकामा अन्तर्निहित प्रतिभा, सिर्जनशीलता र नवप्रवर्तन क्षमताको विकासका लागि शैक्षिक, सांस्कृतिक, खेलकुद, विज्ञान तथा प्रविधिमूलक बाल प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

**१६९.** ***"समान अवसर, सम्मानित जीवनः समावेशी विकास हाम्रो अभियान"*** एकल महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा अन्य पछाडि परेका वर्गहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि सीप विकास, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार, सहुलियतपूर्ण वित्तीय पहुँच तथा आयआर्जनमूलक कृयाकलापहरु सञ्चालन साथै पछाडी परेका वर्गहरूको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, न्यायमा पहुँच तथा नेतृत्व विकासलाई प्राथमिकता दिँदै विभेदरहित, सुरक्षित र सम्मानित जीवनयापन सुनिश्चित गर्न लक्षित संरक्षण तथा समावेशी विकास कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

**१७०.** ***"फरक क्षमताको कदर; अपाङ्गमैत्री समाज हाम्रो रहर"*** अपाङ्गता भएका व्यक्तिहरूको क्षमता, अधिकार र अवसरको सुनिश्चितता गर्दै उनीहरूको सुरक्षित, सम्मानित, आत्मनिर्भर र मर्यादित जीवनयापनका

लागि सामाजिक संरक्षण, स्वास्थ्य सेवा, सीप तथा क्षमता विकास, पहुँचयुक्त पूर्वाधार निर्माण र स्थानीय शासनमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी ज्येष्ठ तथा अपाङ्गमैत्री समाज निर्माण गरिनेछ।

१७१. **किशोरीहरूलाई आत्म रक्षा (Self Defense) तालिम** र **क्षमता विकास** गरी छोरी सुरक्षा र समतायुक्त समाज निर्माण गर्ने नीति अख्तियार गरिनेछ।

१७२. युवा विद्यार्थीलाई प्राविधिक शिक्षा प्रति आकर्षित गर्न, स्वास्थ्य सेवाका लागि गुणस्तरीय जनशक्ति उत्पादन गर्ने अभियानलाई टेवा पुऱ्याउन तथा उच्च तहको स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादनमा छत्रदेव गाउँपालिकाको सहभागिता र पहुँच अभिवृद्धि गर्ने उद्देश्यले छत्रदेव गाउँपालिकामा स्थायी बसोबास भइ चिकित्सा विज्ञानमा स्नातक तह (**MBBS**) मा नयाँ भर्ना हुने जेहेन्दार दलित तथा विपन्न तथा विद्यार्थीलाई प्रोत्साहित गरिने छ।

१७३. परम्परागत सीपमा आधारित व्यवसायलाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउन सिलाई व्यवसायीका लागि प्रमाणित (**Certified**) दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१७४. **"कोही पनि पछाडि नपरोस्"** अभियान अन्तर्गत महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, एकल महिला तथा अन्य लक्षित वर्गहरूको सशक्तीकरण, संरक्षण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१७५. ज्येष्ठ नागरिकहरूको सम्मान, मानसिक सन्तुष्टि तथा सामाजिक सक्रियता अभिवृद्धिका लागि ७५ वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिक लक्षित तीर्थाटन, भजन-कीर्तन तथा सांस्कृतिक सहभागिता कार्यक्रम सञ्चालन गरिनेछ।

१७६. स्थानीय कला, संस्कृति तथा सामाजिक एकताको प्रवर्द्धनका लागि भजन-कीर्तन, पञ्चेबाजा, नौमती बाजा तथा परम्परागत बाजागाजा प्रतियोगिता आयोजना गरिनेछ।

१७७. विद्यालय बाहिर रहेका किशोरी तथा जोखिममा रहेका युवतीहरूलाई सीपमूलक तथा आयआर्जनमुखी तालिममार्फत शिक्षा, सीप र स्वरोजगारसँग जोडिने कार्यक्रम सञ्चालन गरिनेछ।

१७८. आत्महत्या, लागूऔषध दुर्व्यसन तथा मानसिक स्वास्थ्य समस्याको रोकथामका लागि विद्यालय, समुदाय तथा परिवार केन्द्रित सचेतना, परामर्श तथा मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१७९. सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिका परिवार तथा द्वन्द्व प्रभावित परिवारहरूको सम्मान, पुनःस्थापना तथा सामाजिक सुरक्षामा सहयोग पुग्ने लक्षित राहत तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१८०. लैङ्गिक समानता, सामाजिक न्याय र समावेशी विकासका सिद्धान्तलाई स्थानीय शासनको मूल प्रवाहमा समाहित गर्दै सबै वर्ग, क्षेत्र र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

**श्रम, रोजगार तथा सीप विकासः**

१८१. श्रमप्रति सकारात्मक सोच विकास गर्न **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय स्रोत र साधनमा आधारित उत्पादनशील रोजगार सिर्जनालाई प्राथमिकता दिइनेछ।

१८२. घरेलु उद्योग, व्यवसाय, सहकारी तथा निजी क्षेत्रसँग रोजगार संवाद मञ्चमार्फत सहकार्य गरी आन्तरिक रोजगारीका अवसर सिर्जना गरिनेछ। **"एक उद्यम-एक रोजगार"** अभियान सञ्चालन गरी स्थानीय स्तरमा रोजगारी वृद्धि गरिनेछ।

१८३. सङ्घीय, प्रादेशिक र स्थानीय कानुन बमोजिम रोजगार सेवा केन्द्रलाई **रोजगार, सीप तथा उद्यमशिलता केन्द्रका** रुपमा रुपान्तरण गरी रोजगार, सीप तथा उद्यमशिलता सम्बन्धी सम्पूर्ण कृयाकलापहरु एकिकृत रुपमा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

**१८४.** वैदेशिक रोजगारीबाट फर्किएका, बेरोजगार युवा, महिला तथा विपन्न वर्गलाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय उत्पादन, प्रशोधन, बजारीकरण तथा ब्रान्डिङमा आवश्यक सहजीकरण गरिनेछ।

**१८५.** आन्तरिक रोजगारसँग सम्बन्धित सूचना, तथ्याङ्क सङ्कलन, रोजगारी सिर्जना तथा मागबमोजिम रोजगारीका अवसरहरुको पहिचान र विवरण संकलन गरी आवश्यक सीप तथा उद्याशिलता तालिम सञ्चालन गरिनेछ।

**१८६.** वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको अनलाईन आवेदन प्रक्रियामा सहजिकरण गरिनुको साथै कन्सुलर सेवा विभाग वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता (खोजतलास, शव व्यवस्थापन, क्षतिपूर्ति सहजीकरण, पारिवारिक स्वास्थ्य उपचार, अङ्गभङ्ग र छात्रवृत्ति) रोजगार सेवा केन्द्रबाट प्रदान गरिनेछ।

**१८७.** स्थानीय बजारको माग अनुसार कृषि, पूर्वाधार निर्माण, पर्यटन, सूचना प्रविधि, इलेक्ट्रिकल, प्लम्बिङ, सिलाइ-कटाइ लगायतका क्षेत्रमा सीपमूलक तालिम सञ्चालन गरिनेछ। तालिमलाई रोजगार तथा स्वरोजगारसँग प्रत्यक्ष जोड्ने व्यवस्था मिलाइनेछ।

**१८८.** "सुरक्षित वैदेशिक रोजगार, मर्यादित श्रम र दिगो जीविकोपार्जन" अभियान अन्तर्गत वैदेशिक रोजगारीमा जान इच्छुक युवा, श्रमिक तथा उनीहरूका परिवारलाई समुदायस्तरमै वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण, वित्तीय साक्षरता, श्रम अधिकार, सुरक्षित आप्रवासन तथा जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**१८९.** डिजिटल प्रविधिको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै युवाहरू तथा श्रमिकहरूलाई डिजिटल श्रम बजार, अनलाइन रोजगारी, सीप प्रमाणीकरण, श्रम स्वीकृति तथा रोजगार सेवासम्बन्धी जानकारी उपलब्ध गराउन डिजिटल श्रम तथा रोजगार सेवा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**१९०.** स्थानीय रोजगारीका अवसर विस्तार, उद्यमशीलता प्रवर्द्धन तथा श्रम बजारको आवश्यकता पहिचानका लागि निजी क्षेत्र, सहकारी, उद्योग व्यवसायी, शैक्षिक संस्था तथा सरोकारवालाहरूसँग **'रोजगारी सिर्जना तथा प्रवर्द्धन रणनीतिक संवाद'** कार्यक्रम सञ्चालन गरिनेछ।

**१९१.** वैदेशिक रोजगारीबाट फर्किएका सीपयुक्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई स्थानीय उद्यम, कृषि, पर्यटन तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न पुनःएकीकरण तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**१९२.** श्रम, सीप, उद्यमशीलता र सामाजिक सुरक्षालाई एकीकृत गर्दै स्थानीय स्तरमा सम्मानजनक रोजगारी सिर्जना तथा दिगो जीविकोपार्जनको वातावरण निर्माण गरिनेछ।

**१९३.** महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायका लागि विशेष सीप तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ। आर्थिक समावेशीकरण र आयआर्जन वृद्धिमा जोड दिइनेछ।

**१९४.** नवीन सोंच भएका युवा तथा महिलालाई उद्यम स्थापना गर्न प्रोत्साहन गर्दै व्यवसाय योजना निर्माण, परामर्श तथा प्राविधिक सहयोग प्रदान गरिनेछ। स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित लघु तथा साना उद्यम विकासलाई प्राथमिकता दिइनेछ।

**१९५.** बेरोजगार युवाहरूको तथ्याङ्क अद्यावधिक गर्दै रोजगारदाता र रोजगार खोज्ने व्यक्तिहरुबीच **JOB MATCHING** का लागि समन्वय गरिनेछ।

**१९६.** स्वस्थ मन, सुरक्षित भविष्य' अभियान अन्तर्गत समुदाय तथा माध्यमिक विद्यालयहरूमा मानसिक स्वास्थ्य प्रवर्द्धन, मनोसामाजिक परामर्श, तनाव व्यवस्थापन तथा आत्महत्या रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।"

**श्रमदान तथा सामाजिक उत्तरदायित्वः**

१९७. **"मेरो छत्रदेव, मेरो दायित्व"** अभियान अन्तर्गत जनप्रतिनिधि तथा कर्मचारीहरूलाई समुदायसँग प्रत्यक्ष जोड्दै सार्वजनिक सरसफाइ, वृक्षारोपण, सामुदायिक पूर्वाधार संरक्षण तथा जनहितका कार्यहरूमा सहभागिता अभिवृद्धि गर्न प्रत्येक महिना कम्तीमा एक घण्टा अनिवार्य श्रमदान गर्ने व्यवस्था मिलाइनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**अन्त्यमा,**

१९८. आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले समुन्नत, आत्मनिर्भर र सुशासित छत्रदेव निर्माणको स्पष्ट मार्गदिशा प्रस्तुत गरेको छ । स्थानीय सम्भावना, उत्पादन, नवप्रवर्तन र सुशासनमा आधारित यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट नागरिकको जीवनस्तरमा गुणात्मक सधार, अवसरको विस्तार, सामाजिक सुरक्षा सुदृढीकरण तथा गुणस्तरीय सेवामा सहज पहुँच सुनिश्चित हुने विश्वास लिएको छु ।

१९९. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा अर्धन्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै स्थानीय तहको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष र परोक्ष रुपले योगदान गर्नु हुने कार्यपालिका सदस्यहरू, नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, प्राध्यापक, बुद्धिजीवी, विकास साझेदार संस्था, निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, राष्ट्रसेवक कर्मचारी, श्रमिक, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२००. यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय सरकारको औचित्य स्थापित गरी समृद्ध छत्रदेव निर्माणमा समेत सबैको सकारात्मक भूमिका रहनेछ भन्ने अपेक्षा गरेको छु ।

**धन्यवाद !**

**जय छत्रदेव !**